उपप्रमुख श्री किशोरी साहवाट

# जनकपुरधाम उपमहानगरपालिकाको

१४ औं नगरसभा (हिउदे) मा पेश भएको

आर्थिक वर्ष २०८२।०८३ को

## कार्यक्रम तथा वजेट (संसोधन प्रस्ताव)

**जनकपुरधाम उपमहानगरपालिका**
**जनकपुरधाम, धनुषा**
**मधेश प्रदेश, नेपाल**
**मितिः २०८२।०९।२५**

**आदरणीय नगरसभाध्यक्ष ज्यू, नगरसभा सदस्यज्यूहरु**

१. नेपालको संविधानको धारा २३० बमोजिम आर्थिक वर्ष २०८२।०८३ को आय र व्ययको अनुमान तेहौं नगरसभाबाट स्वीकृत भई कार्यान्वयनमा रहेको अवगत नै छ ।

२. प्रस्तुत सन्दर्भमा नगर सभाको तेह्रौं अधिवेशनबाट पारित जनकपुरधाम उपमहानगरपालिकाको आ.व. २०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा वजेटको अर्धवार्षिक कार्यान्वयन प्रगति, आय-व्यय विवरण, मुख्य-मुख्य उपलब्धी तथा चुनौति लगायतको अर्धवार्षिक समीक्षा प्रस्तुत गर्न गइरहेको छु ।

**आदरणीय नगरसभाध्यक्षज्यू,**

क) अव म चालु आर्थिक वर्षको आर्थिक गतिविधि, बजेटको समिक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- ***आय व्ययको विवरण (स्रोतगत)***

| क्र.सं. | स्रोत | वार्षिक अनुमानित आय | हालसम्मको यथार्थ आय | हालसम्मको यथार्थ व्यय | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | समानिकरण अनुदान—संघ | २९९,८००,०००.०० | ७४,९५०,०००.०० | १,६८७,४३२.११ | 0.56 |
| २ | शसर्त—संघ | १,०१७,०००,०००.०० | ३८५,९१७,५००.०० | २२३,६१७,७०७.८१ | 21.99 |
| ३ | विषेश अनुदान पुँजीगत—संघ | ८,९००,०००.०० | – | – | 0.00 |
| ४ | समपुरक अनुदान पुँजीगत—संघ | ११,२००,०००.०० | – | – | 0.00 |
| ५ | समानिकरण अनुदान—प्रदेश | २१,३५०,०००.०० | – | – | 0.00 |
| ६ | विषेश अनुदान चालु-प्रदेश | ३,५००,०००.०० | – | – | 0.00 |
| ७ | समपुरक अनुदान पुँजीगत-प्रदेश | ३,५००,०००.०० | – | – | 0.00 |
| ८ | राजस्व बाँडफाँड-प्रदेश | १७,१५२,०००.०० | – | – | 0.00 |
| ९ | राजस्व बाँडफाँड-स्थानीय | १४८,०००,०००.०० | १३,५८५,८५८.०० | २,०३६,०३४.०० | 1.38 |
| १० | राजस्व बाँडफाँड-संघ | १९९,३१४,४६३.०० | ७१,३७१,९६६.९० | ४९,४८१,५६९.०४ | 24.83 |
| ११ | आन्तरिक श्रोत गत वर्षको मौज्दात समेत | ६७१,२००,४३१.०० | ४४८,३००,१३२.४१ | १३३,१८५,०६५.७४ | 19.84 |
| १२ | जनसहभागिता | १८,०००,०००.०० | – | – | 0.00 |
| **जम्मा** | | **२,४१८,९१६,८९४.००** | **९९४,१२५,४५७.३१** | **४१०,००७,८०८.७०** | 16.95 |

➢ *आय व्ययको विवरण (क्षेत्रगत)*

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५९,४५४,४०८.०० | २१३,०३९.०० | ०.३६ | ५९,२४१,३६९.०० |
| १ | कृषि | २६,६२८,४०८.०० | - | - | २६,६२८,४०८.०० |
| २ | उद्योग | २,०००,०००.०० | - | - | २,०००,०००.०० |
| ३ | पर्यटन | ८,७००,०००.०० | २३,१९९.०० | ०.२७ | ८,६७६,८०१.०० |
| ४ | जलश्रोत तथा सिंचाई | २३८,०००.०० | - | - | २३८,०००.०० |
| ५ | बन | १२,७३८,०००.०० | १८९,८४०.०० | १.४९ | १२,५४८,१६०.०० |
| ६ | पशुपन्छी विकास | ९,१५०,०००.०० | - | - | ९,१५०,०००.०० |
| २ | सामाजिक विकास | ८३२,८९८,७६२.०० | २३१,५१२,५४६.६१ | २७.८० | ६०१,३८६,२१५.३९ |
| १ | शिक्षा | ५८५,०१३,०००.०० | १८८,८७६,७५७.५१ | ३२.२९ | ३९६,१३६,२४२.४९ |
| २ | स्वास्थ्य | १४८,०६३,०००.०० | ३८,१५७,०४८.१० | २५.७७ | १०९,९०५,९५१.९० |
| ३ | खानेपानी तथा सरसफाई | २६,८४९,८६७.०० | ३९३,०१४.०० | १.४६ | २६,४५६,८५३.०० |
| ४ | भाषा तथा संस्कृति | २४,५०१,०००.०० | ३,८८८,३१५.०० | १५.८७ | २०,६१२,६८५.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २५,४०३,०००.०० | - | - | २५,४०३,०००.०० |
| ६ | युवा तथा खेलकुद | ४,२८८,०००.०० | - | - | ४,२८८,०००.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १८,७८०,८९५.०० | १९७,४१२.०० | १.०५ | १८,५८३,४८३.०० |
| ३ | पूर्वाधार विकास | ७४१,३८१,४४९.०० | ३०,१११,३८१.६९ | ४.०६ | ७११,२७०,०६७.३१ |
| १ | यातयात पूर्वाधार | ४३३,३५४,६२५.०० | २०,३४०,७०२.६६ | ४.६९ | ४१३,०१३,९२२.३४ |
| २ | भवन, आवास तथा सहरी विकास | २०९,१८७,०१७.०० | ९,७५१,१७९.०३ | ४.६६ | १९९,४३५,८३७.९७ |
| ३ | उर्जा | ३९,२६९,८०७.०० | - | - | ३९,२६९,८०७.०० |
| ४ | संचार तथा सूचना प्रबिधि | २,६००,०००.०० | - | - | २,६००,०००.०० |
| ५ | सम्पदा पूर्वाधार | ५३,०५०,०००.०० | - | - | ५३,०५०,०००.०० |
| ६ | बिज्ञान तथा प्रबिधि | २२०,०००.०० | १९,५००.०० | ८.८६ | २००,५००.०० |
| ७ | पुननिर्माण | ३,७००,०००.०० | - | - | ३,७००,०००.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३१७,४००,०००.०० | १,२१२,८६६.२० | ०.३८ | ३१६,१८७,१३३.८० |
| १ | बन | ५,०००,०००.०० | - | - | ५,०००,०००.०० |
| २ | विपद व्यवस्थापन | २००,०००.०० | - | - | २००,०००.०० |
| ३ | तथ्यांक प्रणाली | ५००,०००.०० | - | - | ५००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | गरिबी निवारण | ४००,०००.०० | ७५,०००.०० | १८.७५ | ३२५,०००.०० |
| ५ | श्रम तथा रोजगारी | ३११,३००,०००.०० | १,१३७,८६६.२० | ०.३७ | ३१०,१६२,१३३.८० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४६७,७८२,२७५.०० | १४६,९५७,९७५.२० | ३१.४२ | ३६९,१२४,४३२.२१ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४६७,७८२,२७५.०० | १४६,९५७,९७५.२० | ३१.४२ | ३६९,१२४,४३२.२१ |
| कुल जम्मा | | २,४१८,९१६,८९४.०० | ४१०,००७,८०८.७० | १६.९५ | २,०५७,२०९,२१७.७१ |

**ख) हालसम्म सम्पादित कार्यका मुख्य-मुख्य उपलब्धीहरु**

- प्रथम किस्ता वापतको सामाजिक सुरक्षा भत्ता वितरण गरी दोस्रो किस्ता वापतको सामाजिक सुरक्षा भत्ता वापतको भत्ता वितरण कार्यको तयारीमा कार्यालय रहेको ।
- नेपाल सरकारको निति अनुरुप शिक्षकहरुको EMIS प्रणाली मार्फत मासिक रुपमा तलव वितरण भईरहेको ।
- विधालयहरुको दिवा खाजा वापतको प्रथम किस्ता वापतको रकम EMIS प्रणाली मार्फत भएको मागको आधारमा सम्बन्धित विधालयको खातामा निकाशा भईसकेको ।
- जाडो व्यवस्थापनका लागि नगर भित्रका विभिन्न चौकहरुमा दाउरा वितरण कार्य भएको ।
- नगरसभाको तेह्रौ अधिवेशनवाट पारित योजनाहरुको कार्यादेश दिन शुरु गरी कार्यहरु अगाडी बढाईएको ।
- साविक मलेप फारम नं. १८ वमोजिम भुक्तानी दायित्वहरु मध्येको योजनाहरु पुन अनुगमन गरी अधिकांसको भुक्तानी भईसकेको ।
- विभिन्न ४ वटा योजनाहरुको ठेक्काको लागि सूचना प्रकाशित भई कार्यान्वयनको चरणमा रहेको ।
- कम्प्युटर,फर्निचर लगायतका सामाग्री आपुर्ति सम्बन्धि ठेक्का प्रकृया सम्पन्न भई सामान आपुर्तिको क्रममा रहेको ।
- ADB द्वारा संचालित परियोजनाको परामर्शदाताको आर्थिक तथा प्राविधिक प्रस्ताव स्वीकृत गरी ठेक्का प्रकृया सम्झौताको चरणमा रहेको ।
- वडा तर्फको आन्तरिक राजस्व वापतको आम्दानी सुत्र प्रणाली मार्फत संकलन गर्ने कार्यको सुरुवात भएको ।
- विगत वर्षहरुमा विज्ञापन भई पदपूर्ति हुन नसकेका पदहरुको पदपुर्ति पक्रिया अघि वढाईएको ।

- यस जनकपुरधाम उपमहानगरपालिका वाट हुदै आएको राष्ट्रिय परिचय पत्र सम्बन्धि कार्य जेन जी आन्दोलनका कारण अवरुद्ध भएकोमा मिति २०८२।०९।२८ देखि सुचारु गर्ने गरी प्रबन्ध मिलाईएको ।
- सबै वडा कार्यालयहरुमा कम्प्युटर अपरेटरको व्यवस्था गरी नागरिकताको अनलाई सिफारिस गरिदै आएको ।
- भाद्र २३ र २४ गते जेन जी आन्दोलनको क्रममा क्षति भएको नगरपालिकाको प्रशासकीय भवन पुनः निर्माणका लागि रु १ करोड वजेट विनियोजन भएकोमा सो कार्य गर्न टेण्डरको सूचना प्रकाशन गर्ने क्रममा रहेको ।
- स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन PPP मोडलमा गर्न टेण्डर आवहान भएको ।
- भू-उपयोग ऐन नियम अनुसार स्थानीय तहले नै आफनो नगरक्षेत्रको जग्गाको उपयोगका आधारमा वर्गिकरण गर्नुपर्ने कानूनी व्यवस्था रहेको तर सो कार्य हुन नसकिरहेको अवस्थामा गत आ व देखि उक्त कार्यको प्रारम्भ गरिएको र हाल जग्गा वर्गिकरणको कार्य अन्तिम चरणमा रहेको ।

**आदरणीय नगरसभाध्यक्षज्यू,**

३. अव म थप घट तथा संसोधित वजेट तथा कार्यक्रम (आय व्यय) को अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र.सं. | स्रोत | प्रस्तावित वार्षिक अनुमानित आय | प्रस्तावित वार्षिक अनुमानित व्यय |
|---|---|---|---|
| १ | समानिकरण अनुदान—संघ | २९९,८००,०००.०० | २९९,८००,०००.०० |
| २ | शसर्त—संघ | १,०१७,०००,०००.०० | १,०१७,०००,०००.०० |
| ३ | विषेश अनुदान पुँजीगत—संघ | ८,९००,०००.०० | ८,९००,०००.०० |
| ४ | समपुरक अनुदान पुँजीगत—संघ | ११,२००,०००.०० | ११,२००,०००.०० |
| ५ | समानिकरण अनुदान—प्रदेश | २१,३५०,०००.०० | २१,३५०,०००.०० |
| ६ | विषेश अनुदान चालु-प्रदेश | ३,५००,०००.०० | ३,५००,०००.०० |
| ७ | समपुरक अनुदान पुँजीगत-प्रदेश | ३,५००,०००.०० | ३,५००,०००.०० |
| ८ | राजस्व बाँडफाँड-प्रदेश | १७,१५२,०००.०० | १७,१५२,०००.०० |
| ९ | राजस्व बाँडफाँड-स्थानीय | १४८,०००,०००.०० | १४८,०००,०००.०० |
| १० | राजस्व बाँडफाँड-संघ | १९९,३१४,४६३.०० | १९९,३१४,४६३.०० |
| ११ | आन्तरिक श्रोत गत वर्षको मौज्दात समेत | ७२१,२००,४३१.०० | ७२१,२००,४३१.०० |
| १२ | जनसहभागिता | १८,०००,०००.०० | १८,०००,०००.०० |
| | **जम्मा** | **२,४६८,९१६,८९४.००** | **२,४६८,९१६,८९४.००** |

उपर्युक्त संसोधित वजेट तथा कार्यक्रमवाट नगरपालिकाको विकाशमा स्थिरता, उत्पादनशिलता, रोजगारी वृद्धि समावेशि विकासका साथसाथै निम्नानुसारको उपलब्धि हासिल हुने अपेक्षा गरेको छु ।

- नगरको भौतिक पुर्वाधारको विकाशमा गति प्रदान हुने ।
- पर्यटन प्रर्वद्धन गरी नगरलाई आर्कषक पर्यटनको गनतब्य स्थल बनाउने ।
- कृषि, उधोग तथा उधमशिलताको प्रर्वद्धन हुने ।
- लैगिंक समानता, सामाजिक समावेशिकरण र सामाजिक सुरक्षा मार्फत विभेदमुक्त सामाज निर्माण गर्ने ।
- रोजगारी सृजना र गरिवि न्युनिकरणमा टेवा पुर्याउने ।
- आम नगरवासीलाई गुणस्तरीय शिक्षा र आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने ।
- सुशासन प्रर्वद्धन र संस्थागत सवलीकरणमा जोड दिने ।
- नवप्रर्वतन/निजी साझेदारी योजना संचालन गर्ने ।
- स्वच्छ,सुन्दर,सरसफाई युक्त र हरियाली युक्त नगरको विकास गर्ने ।
- ग्रामिण सडकको विकाश र पहुँच हुने ।

**आदरणीय नगरसभाध्यक्षज्यू,**

४.यस उपमहानगरपालिकाको चौधौं नगरसभामा आ.व.२०८२।०८३ का लागि संघिय सरकार तथा प्रदेश सरकार तर्फको समानिकरण, शसर्त, सम्पुरक, विशेष, राजस्व बाँडफाँड, आन्तरिक राजस्व तथा गत वर्षको अल्या समेत गरी जम्मा रु.२,४६,८९,१६,८९४.०० (दुई अर्ब छयालीस करोड उनानब्बे लाख सोह्र हजार आठ सय चौरानब्बे मात्र) को बार्षिक संसोधित वजेट विनियोजनको प्रस्ताव पेश गर्दछु ।

५. चालु खर्च तथा पुँजीगत खर्चका शिर्षकगत कार्यक्रमहरु समावेश भएको संसोधित विनियोजन विधेयक आय र व्ययको अनुमान सहित यस सभा समक्ष स्वीकृतीको लागि पेश गरेको छु ।

६. करको दर दायराको विवरण समावेश भएको आर्थिक विधेयक तेह्रौ नगरसभावाट स्वीकृत भए अनुसार हुने प्रस्ताव पेश गर्दछु ।

७. यस उपमहानगरपालिका अर्न्तगतका दरवन्दीमा कार्यरत सम्पूर्ण करारसेवाका कर्मचारीहरुलाई मिति २०८२।१०।०१ गते वाट लागु हुने गरी स्थायी कर्मचारी सरह मासिक रु ५००० महगी भत्ता दिने प्रस्ताव पेश गर्दछु ।

८. जग्गा वर्गिकरणका लागि रकम विनियोजन गरेको छु ।

## ९. चुनौतीहरु

- जेन जीको आन्दोलनको क्रममा कार्यालयमा आगजनी भई कार्यालयको स्रोत साधनमा असर पर्न गएको सिमित स्रोत साधनमा कार्यालय संचालनमा गर्नुपर्ने अवस्था रहेको ।

- सीमित स्रोत साधनवाट काम गर्नुपरेकोले सोचे जस्तो सवैका योजना माग समावेश गर्न नसकिएको ।
- यस उपमहानगरपालिकाको फोहरमैला व्यवस्थापनको लागि स्थायी ल्याण्डफिल्ड साईटको व्यवस्था नहुनु ।
- आन्तरिक आम्दानीलाई भरपर्दो र दिगो वनाउन कर र करको दायरालाई फराकिलो र अनुमानयोग्य वनाउन नसकिएको ।
- स्थानीय कर प्रणालीलाई आधुनिक (online system) मा आबद्ध गर्न नसकिएको ।
- मधेश प्रदेश लोकसेवा आयोगले तालिकावद्ध ढंगवाट पदपुर्ति गरी कर्मचारी सिफारिस गर्न नसकेकाले यस उपमहानगरपालिकाका धेरै पदहरु रिक्त भई कार्यसम्पादनमा सोचे जति उपलब्धि हासिल गर्न कठिनाई भईरहेको ।

१०. उल्लेखित आय र व्ययको प्रभावकारी कार्यान्वयन मार्फत उपर्युक्त चुनौतीहरुको सामना गरी अपेक्षित उपलब्धिहरु हासिल गर्न सकिन्छ यसका लागि सम्पूर्ण जनप्रतिनिधीहरु, राजनितीक दलहरु र यसका नेतृत्व वर्ग, निजी क्षेत्र, नागरिक समाज, संचारकर्मी तथा सरोकारवालाहरुको सहयोग र सदभाव अपेक्षित छ ।

११. यस चौधौं नगरसभालाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण जनप्रतिनिज्यूहरु, कर्मचारीहरु, पत्रकार, राजनितिक दल तथा अन्य सहयोगी आम जनसमुदायमा हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्न चाहन्छु ।

# । धन्यवाद ।

**किशोरी साह**

**नगर उपप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका**